नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

# यातायात व्यवस्था विभागको

## अत्यन्त जरुरी सूचना

(प्रकाशित मितिः २०८३।०२।२६)

## सवारी साधनको हेडलाइट तथा हर्नको प्रयोग सम्बन्धी जरुरी सूचना

सवारी साधन संचालनमा हेडलाइट भएको स्थानको नजिक वा अन्य स्थानमा उत्पादक कम्पनीले तोकेको भन्दा भिन्न प्राविधिक स्पेसिफिकेशन भएका लाइटहरु जडान गरी यातायात संचालन गर्ने गरेको पाइएको छ । स्पेसिफिकेशनभन्दा बाहिरको बत्ती जडान गर्दा सवारी चलाउन बाधा परी अरु सवारी साधन र पैदल यात्रीहरु समेत दूर्घटनामा पर्न सक्ने जस्ता सुरक्षा सम्बन्धी समस्याहरु आउन सक्ने देखिन्छ । कानूनी रुपमा पनि सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को धारा ३९ अनुसार कार्यालयको स्वीकृत नलिई हेरफेर गर्न नहुने प्रावधान विद्यमान रहेको छ । यसै गरी सवारी निरीक्षण/ परीक्षण मापदण्ड २०७४ बमोजिम हेड लाइटको सन्दर्भमा डिप वा कम विमको हेड ल्याम्पको हकमा १५००० देखि ३०००० क्यान्डेला सम्म प्रकाशको तीव्रता हुनुपर्ने साथै हाई विम हेड ल्याम्पको हकमा प्रत्येक हेड ल्याम्प १००००० क्यान्डेला भन्दा कम तीव्रताको र चारवटै हेड ल्याम्पको समग्रमा २००००० क्यान्डेला भन्दा कम प्रकाशको तिव्रता हुनुपर्ने प्रावधान रहेकोले आफुखुशी बत्ती जोड्न नपाइने प्राबधान रहेको छ । साथै हर्नको हकमा पनि न्यूनतम ९० DB देखि अधिकतम ११२ DB हुनुपर्ने प्राबधान रहेकोले आँफुखुशी प्रेसर हर्नहरु र अन्य हर्नहरु जोड्न पाईंदैन । यदि उक्त प्रावधान विपरित बत्ती तथा हर्न जडान गरी सवारी साधन चलाएको खण्डमा प्रचलित नियम कानून अनुसार कडा कारवाही हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।




यातायात व्यवस्था विभाग